१/२२

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

मितिः २०८१/१/२३

प.सं. :-०८०/८१
च.नं. ऐन-४/ ८६

महान्यायाधिवक्ताको कार्यालय
मुल दर्ता नं.: १४६०६
दर्ता मिति: ०१।२३
फाँटको दर्ता नं.:

बिषयः-लिखित जवाफ पठाइएको सम्बन्धमा ।

श्री महान्यायाधिवक्ताको कार्यालय,
रामशाहपथ, काठमाण्डौं।

प्रस्तुत विषयमा रिट निवेदक सुविसु केवलनेट प्रा.लि.को अ.प्रा.अधिवक्ता प्रितम घिमिरे विरुद्ध सञ्चार तथा सूचना प्रविधि मन्त्रालय समेत भएको रिट.नं. ०८०-WO-१०७५ भएको मुद्दाको सम्बन्धमा यस मन्त्रालयबाट तयार गरिएको लिखित जवाफ यसै पत्र साथ पठाइएको छ। उक्त लिखित जवाफ सम्मानित सर्वोच्च अदालतमा दर्ता गराई यस मन्त्रालयको तर्फबाट बहश पैरवी तथा प्रतिरक्षा गरिदिनुहुन आदेशानुसार अनुरोध छ। साथै लिखित जवाफको सफ्ट कपी writlj@supremcourt.gov.np मा पठाइएको छ।

२०८१।१।२२

बिष्णु ओली
(कानून अधिकृत)

श्री सर्वोच्च अदालत, काठमाण्डौमा पेश गरेको

लिखित जवाफ

मार्फत :- महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौं ।

सम्बत् २०८० सालको रिट.नं. ०८०-WO-१०७५

मुद्दा :- उत्प्रेषण समेत ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको तर्फबाट ऐ. का
सचिव रामकृष्ण सुवेदी.............................................................लिखित जवाफ प्रस्तुतकर्ता
प्रत्यर्थी

का.जि.का.म.न.पा.वडा नं. ४ बालुवाटार स्थित सुविसु केबलनेट
लि. को अख्तियार प्राप्त व्यक्ति अधिवक्ता प्रितम घिमिरे.........................................विपक्षी/रिट निवेदक

निवेदकले यस मन्त्रालय समेतलाई विपक्षी बनाई दायर गर्नु भएको सम्बत् २०८० सालको रिट नं. WO-१०७५ को सम्बन्धमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार कारण सहित यो आदेश प्राप्त भएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिन भित्र श्री महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भन्ने आदेश सहितको सूचना सम्मानित सर्वोच्च अदालतको म्याद यस मन्त्रालयमा मिति २०८०/१/१२ मा प्राप्त भएकोमा म्यादभित्रै निम्न बमोजिम लिखित जवाफ पेश गरेको छु ।

१. रिट निवेदकको मागदावी निवेदनमा नै उल्लेख भएको हुँदा यहाँ विस्तृतमा पुनरावृत्ति गरिएको छैन। रिट निवेदकले नेपाल सरकारलाई कर तथा राजस्व एवं नियामक ऐनबाट तोकिएको रोयल्टी लगायतका सम्पूर्ण दस्तुरहरु यथासमयमा नै भुक्तानी गरिसकेको अवस्थामा विपक्षी नेपाल दूरसञ्चार प्राधिकरणबाट रोयल्टी वापत नपुग रकम तथा ग्रामीण विकास कोष वापत नपुग रकम दाखिला गर्नुपर्ने र उक्त रकम दाखिला नगरेमा प्राधिकरणबाट गर्नुपर्ने सिफारिस एवं सहजीकरणमा नै प्रतिबन्ध लगाउने भनी गरिएको पत्राचार तथा कार्य प्रचलित कानूनी व्यवस्था एवं प्रतिपादित सिद्धान्त विपरीत रहेको हुँदा विपक्षी प्राधिकरणबाट जारी

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

रामकृष्ण सुवेदी
सचिव

आदेश

०८०-WO-१०७५

मुद्दाः <u>उत्प्रेषण समेत।</u>

सुविसु केवलनेट प्रा.लि.को अ.प्रा. अधिवक्ता प्रितम घिमिरे -------------------- निवेदक

विरूद्ध

नेपाल दुरसञ्चार प्राधिकरण जमल, काठमाडौं समेत --------------------------- विपक्षी

प्रस्तुत निवेदन अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री जयलाल भण्डारी, श्री अशाकंनबहादुर मल्ल, श्री प्रितम घिमिरे र श्री जस्मीन भण्डारीले गर्नुभएको वहस समेत सुनियो।

यसमा, के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए आधार कारण सहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र विपक्षी नं. ३ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत तथा अन्य विपक्षीको हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना पठाई म्याद भित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

निवेदकले अन्तरिम आदेश समेत जारी गरी पाउँ भनी माग गरेतर्फ विचार गर्दा, इजाजत पत्र नविकरण गराईपाउँ भनी निवेदकले दिएको मिति २०८०।१२।२५ को पत्रको व्यहोराबाट २०८०।०६।२१, २०८०।०९।२६, २०८०।०९।२७ र २०८०।१२।२५ मा सञ्चार तथा सूचना मन्त्रालयको खातामा पटक पटक गरी नविकरण दस्तुर, RTDF तथा Royalty बुझाएको देखिन्छ। नविकरण गर्न दुरसञ्चार ऐन तथा नियमावलीले तोकेको म्याद भित्र निवेदन दिएको अवस्थामा नविकरण हुने नहुने स्पष्ट

ङ. रिट निवेदकले यस मन्त्रालयको के कस्तो काम कारवाही र निर्णयबाट निजको के कस्तो संविधान तथा कानूनी हक अधिकार हनन् भएको हो ? मन्त्रालयलाई किन विपक्षी बनाउनु परेको हो, निवेदनमा कहीं कतै स्पष्ट रुपमा उल्लेखसम्म गर्न नसकेको अवस्थामा यस मन्त्रालयलाई प्रत्यर्थी बनाई रिट निवेदन दिएको देखिदा मन्त्रालयका हकमा उक्त रिट निवेदन खारेज गरी पाऊँ।

३. अतः माथि उल्लिखित बुँदाका आधारमा प्रस्तुत रिट निवेदन खारेज गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गर्दछु।

४. रिट निवेदनमा उठाईएका विषयका सम्बन्धमा प्रत्यर्थी बनाइएका सम्बन्धित निकायबाट लिखित जवाफ प्रस्तुत भई व्यहोरा जानकारी हुने नै छ।

५. साथै मुद्दाको सुनुवाईको क्रममा उपस्थित हुनु हुने सरकारी वकीलको बहस जिकिर समेतलाई यस लिखित जवाफको अभिन्न अङ्ग मानी पाऊँ।

६. यसमा लेखिएको व्यहोरा ठिक साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाँउला।

(रामकृष्ण सुवेदी)

सचिव

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

इति संवत् २०८१ साल बैशाख महिना २३ गते रोज १ शुभम् ..........।

भएका पत्र र सो सँग भए गरेका सम्पूर्ण निर्णय तथा काम कारबाही उत्प्रेषणको आदेशले बदर गरी पाउँ भन्ने समेतको व्यहोराको मुख्य माग दावी लिएको देखिन्छ।

२. रिट निवेदकले यस मन्त्रालय समेतलाई विपक्षी बनाई दिएको निवेदन निम्न आधार र कारणबाट खारेजभागी हुँदा खारेज गरिपाऊँ:

क. दूरसञ्चार नियमावली, २०५४ को नियम १५ (१) को (ज) मा ग्राहकलाई उपलब्ध गराएको दुरसञ्चार सेवा कुनै कारणले बिग्रेमा प्राधिकरणले तोकिदिएको स्तर अनुरुप निशुल्क मर्मत सम्भार गर्नु पर्ने तर दूरसञ्चार सेवा अन्तर्गतका फिक्सड वायार्ड ब्रोडब्याण्ड सेवा प्रदान गरे वापत लाग्ने महसुलमा बढीमा पचास प्रतिशतसम्म मर्मत सम्भार शुल्क लगाउन सक्नेछ भन्ने व्यवस्था रहेको ,ऐ. नियमावलीको नियम २६ मा अनुमति प्राप्त व्यक्तिले आफूले गरेको वार्षिक कूल आम्दानीको चार प्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टीको रूपमा नेपाल सरकारलाई बुझाउनु पर्नेछ र सो अवधिभित्र नबुझाएमा बुझाउन बाँकी रहेको रकमको दुई प्रतिशतका दरले प्रत्येक महिना थप दस्तुर लाग्नेछ भन्ने उल्लेख रहेको साथै सोही नियमको स्पष्टीकरण खण्डमा यस नियमको प्रयोजनको लागि "वार्षिक कूल आम्दानी" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकसँग लिएको धरौटी, सेवा कर, मुल्य अभिवृद्धि कर लगायत अन्य अप्रत्यक्ष कर तथा दूरसञ्चार सम्बन्धी उपकरण बिक्री गर्दा प्राप्त हुने रकम बाहेक दुरसञ्चार सेवा प्रदान गरेवापत अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको आम्दानीलाई जनाउँछ भन्ने उल्लेख रहेको छ।

ख. नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ को विनियम ५ मा "अनुमतिप्राप्त व्यक्तिले प्रत्येक वर्ष आफूले सञ्चालन गरेको दूरसञ्चार सेवाबाट प्राप्त गरेको वार्षिक आयको दुई प्रतिशतका दरले हुने रकम कोषमा जम्मा गर्नु पर्नेछ र सो दस्तुर नबुझाएमा वा त्यस्तो रकम नपुग देखिएको रकममा प्रत्येक महिना दुई प्रतिशतका दरले जरिवाना लाग्ने" भन्ने व्यवस्था उल्लेख छ। साथै सोही विनियमावलीमा प्राधिकरणबाट सो रकम दाखिला भए नभएको अनुगमन गर्ने, दाखिला नभएको भए आवश्यक कारवाही गर्ने व्यवस्था समेत रहेको छ।

ग. सार्वजनिक लेखा समितिको मिति २०८० असोज २५ र २६ गतेको बैठक (बैठक संख्या १६) बाट राज्यलाई तिर्नु पर्ने कर, राजश्व वा दायित्व समयमै नतिर्ने र कुनै कारण देखाई उन्मुक्ति लिन कोशिस गर्ने प्रवृतिप्रति कानून कार्यान्वयन गर्नुपर्ने निकाय उदासीन भएको साथै यसै सन्दर्भमा नेपालमा रहेका दूरसञ्चार सेवाप्रदायकहरु (इन्टरनेट सेवा प्रदायक समेत) ले राज्यलाई तिर्न बाँकी कुनै पनि प्रकारको राजश्व तीन महिनाभित्र अनिवार्य रुपमा कानून बमोजिम असूल उपर गर्न गराउन मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन प्राप्त भएको छ।

घ. उल्लिखित कानूनी व्यवस्था र सार्वजनिक लेखा समितिको निर्देशन समेतका आधारमा नेपाल दूरसञ्चार प्राधिकरणबाट सेवा प्रदायकले तिर्न बुझाउन बाँकी दस्तुर, रोयल्टी, RTDF लगायतको कानून बमोजिम तिर्न बुझाउन पर्ने रकम तिर्नु बुझाउनु भनी प्राधिकरणबाट भएको पत्राचार कानून सम्मत् रहेको छ। आफूले पूरा गर्नुपर्ने कर्तव्य र दायित्व पूरा नगरी अधिकार मात्र खोज्ने विपक्षीको दावीसँग सहमत हुन सकिदैन।

रामकृष्ण सुवेदी
सचिव

(ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ क
विनियम ५ मा अनुमति प्राप्त व्यक्तिले प्रत्येक वर्ष आफूले सञ्चालन गरेको दूरसञ्चार सेवाबाट प्राप्त गरेक वार्षिक आयको दुइ प्रतिशत (२%) ले हुने रकम RTDF कोषमा जम्मा गर्नु पर्ने गरी व्यवस्था गरेबाट केवल विशुद्ध दुरसञ्चार सेवा बापत प्राप्त रकम मात्रै ग्रामीण दूरसञ्चार विकास कोषको शुल्कको आधार हुने प्र रहेको छ ।

च) आ.व २०७९/०८० मा निवेदक कम्पनीको दूरसञ्चारजन्य वस्तु बिक्री, बहाल, मर्मत संभार एवं अन्य सेव र इन्टरनेट तथा डाटा कनेक्टिभिटी सेवाको कुल आय रु ३,२४,९६,७४,६८४।– भएको र सो मध्ये दूरसञ्चार सेवाबाट रु.१,७७,७४,७७,४६५ ।– र वस्तु बिक्री, बहाल एवं अन्य सेवाबाट रु.१,४७,२१,९७,२१९।– आय भएकोले आ.व. २०७९।८० को हकमा निवेदक कम्पनीको उक्त आ.व को अडिटेड वित्तिय विवरण अनुसार RTDF तथा Royalty लाग्ने आय रु १,७७,७४,७७,४६५ रहेको उक्त आयको २% ले RTDF वापत रु ३,५५,४९,५४९ /- मिति २०८०।०९।२९ मा दाखिला गरी विपक्षी प्रत्यार्थी प्राधिकरण समक्ष पेश गरिसकेको र उक्त आयमा ४% रोयल्टी वापत रु ७,१०,९९,०९९/- मा रु २,०२,००,०००/- श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,सिंहदरवार स्थित एभरेष्ट बैंक लि. को राजश्व खातामा मिति २०८०।०९।२७ मा जम्मा गरी उक्त बैंक भौचर सहित बाँकि रकम यथाशिघ्र दाखिल गर्ने व्यहोरा सहितको निवेदन विपक्षी प्रत्यार्थी प्राधिकरणमा मिति २०८०।०९।२९ मा पेश गरीएको थियो ।सो पश्चात मिति २०८०।१२।२५ मा रोयल्टी बापत तिर्नुपर्ने बाँकि शुल्क रु ५,०८,९९,०९९।- बुझाई सो को भौचर सहितको निवेदन विपक्षी प्राधिकरणमा बुझाइएको थियो ।

२) यसरी निवेदक कम्पनीले आ.व. २०७९।८० मा RTDF वापत सम्पुर्ण रकम तिरीसकेको र रोयल्टी वापत नेपाल सरकारलाई बुझाउनु पर्ने रकममा केवल रु. ५,०८,९९,०९९।– मात्र बाँकि बक्यौता रहेको र सो रकम समेत मिति २०८०।१२।२५ मा दाखिला गरी नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने बाँकि बक्यौताहरु तिरीसकेकोमा विपक्षी नेपाल दुरसंचार प्राधिकरणबाट Royalty र RTDF बापतको नपुग रकम जम्मा गर्नु भनी अचानक मिति २०८०/११/०४ मा "आ.व. २०७९।८० को अडिटेड वित्तिय विवरण अनुसार नेपाल सरकारलाइ बुझाउनु पर्ने रोयल्टी वापत बुझाएको रकम नपुग देखिएको हुँदा रोयल्टी वापतको नपुग रकममा थप दस्तुर सहित रु. १०,५७,८१,८९६.३६ र यस प्राधिकरणमा ग्रामिण दुरसंचार विकास कोष (RTDF) वापतको नपुग रकममा थप दस्तूर सहित रू २,६४,२३,४१७.२२ दाखिला गरी सो भौचर सहित प्राधिकरणमा दर्ता गराउनु हुन अनुरोध छ" व्यहोराको पत्र प्राप्त भएको थियो । सो पत्राचार पश्चात मिति २०८०/१२/०४ गते के कति आधारमा र अधिकारले विपक्षी प्राधिकरणले सो निर्णय लिइएको हो सो निर्णयको जानकारी उपलब्ध होस् भन्ने अनुरोध सहितको पत्राचार सो विपक्षीलाई गर्दा आज सम्म कुनै पनि निर्णय, सुचना उपलब्ध भएन । उक्त विषयको कारण हालसम्म विपक्षी प्राधिकरणले निवेदक कम्पनीको अनुमती पत्र समेत नवीकरण नगरेको

ल्नुपर्नेमा समयको लामो अन्तरालसम्म पनि बालको नदेखिदा

विधा र सन्तुलनको दृष्टिकोणबाट निवेदकले प्रदान गर्ने निवेदकको सेवा प्रवाहमा कुनै बाधा यवधान नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ को उपनियम (२) को खण्ड (ख) बमोजिम अन्तरिम आदेशको टुंगो नलागुञ्जेलसम्मको लागि यो अल्पकालिन अन्तरिम आदेश जारी गरिदिएको छ। निवेदन माग बमोजिम अल्पकालिन अन्तरिम आदेशको निरन्तरताको लागि विपक्षीहरुलाई समेत राखी छलफल गरी निष्कर्षमा पुगन मनासीव हुने देखिंदा मिति २०८०।०१।१६ गतेको पेशी तोकी दुवै पक्षलाई सो को जानकारी दिई नियमानुसार पेश गर्नु।

न्यायाधीश

इति संवत् २०८१ साल वैशाख ०४ गते रोज ३ शुभम् ---------------------------------।

… विशेष शिर्षकमा विशेष शुल्क तिनु बुझाउनु पर्ने दायित्वहरु कानुन बमोजिम सिर्जना गरेकोमा सो बमोजिमको शुल्कहरु तिर्दै बुझाउँदै आएको छ ।

ग) ऐनको दफा ३२ मा ऐ. को दफा २४ बमोजिम अनुमति प्राप्त व्यक्तिले तोकिएको रोयल्टी बुझाउनुपर्ने, रोयल्टी बुझाउने समय र तरिका नेपाल दूरसञ्चार प्राधिकरण (यसपछि "प्राधिकरण" भनिएको) ले तोकीदिए बमोजिम हुने प्रावधान छ र नियमावलीको नियम २६(१) मा ऐ.को नियम १०(५) र (६) मा अनुमति प्राप्त व्यक्तिले कूल आम्दानीको ४% हुने रकम प्रत्येक वर्ष रोयल्टीको रुपमा नेपाल सरकारलाई बुझाउनुपर्ने प्रावधान छ । त्यसै गरी ऐनको दफा ३०(४) अन्तर्गत ग्रामिण क्षेत्रमा दुरसञ्चार सेवाको विकास, विस्तार र संचालनका लागि प्राधिकरणले एक कोष खडा गर्नेछ र अनुमति प्राप्त व्यक्तिले प्राप्त गरेको वार्षिक आयको प्राधिकरणले तोके बमोजिमको रकम प्रत्येक वर्ष सो कोषमा जम्मा गर्नु पर्नेछ भनि व्यवस्था गरिएको छ । ऐनको दफा ६२ बमोजिम प्रत्यर्थीवाट ग्रामीण दूरसञ्चार विकास कोषको स्थापना र सञ्चालन गर्न नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ (यसपछि "विनियमावली" भनिएको) लागु गरेको छ । ऐ. विनियमावलीको विनियम ५ मा अनुमति प्राप्त व्यक्तिले प्रत्येक वर्ष आफूले सञ्चालन गरेको दूरसञ्चार सेवावाट प्राप्त गरेको वार्षिक आयको दुइ प्रतिशत (२%) ले हुने रकम ऐ. विनियम ४ बमोजिम स्थापित कोषमा निवेदक तथा अन्य ISP कम्पनीहरुले जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । सोही बमोजिम निवेदक कम्पनीले कम्पनीको स्थापना काल देखि हालसम्म अर्थात आ.व २०७९/०८० सम्म तिर्नुपर्ने शुल्क राजश्व तिर्दै बुझाउँदै आएको छ। माथि लेखिए बमोजिम निम्न दरको निम्न रकम निवेदक कम्पनीले विपक्षी प्राधिकरण एवं विपक्षी मन्त्रालयमा देहाय बमोजिम तिर्दै आएको अवस्था छः

| आ. व. | कुल आम्दानिं | रोयल्टी (४%) | RTDF (२%) |
|---|---|---|---|
| ०७३-०७४ | १,०४,९४,६८,८४२ | ४,१९,७८,७५४ | २,०९,८९,३७७ |
| ०७४-०७५ | १,२४,९८,९३,४४० | ४,९९,९५,७३७ | २,४९,९७,८६९ |
| ०७५-०७६ | १,३४,१९,५९,५८८ | ५,३६,७८,३८४ | २,६८,३९,१९२ |
| ०७६-०७७ | १,४२,५३,५५,३३५ | ५,७०,१४,२१३ | ३,८५,०७,१०७ |
| ०७७-०७८ | १,२०,९९,८५,०९४ | ४,८३,९९,४०४ | २,४१,९९,७०२ |
| ०७८-०७९ | १,५७,७९,२०,१०० | ६,३१,१६,८०४ | ३,१५,५८,४०२ |
| ०७९-०८० | १,७७,७४,७७,४६५ | ७,१०,९९,०९९ | ३,५५,४९,५४९ |

घ) यसरी ऐन तथा नियमावलीले तोके बमोजिम निवेदक कम्पनीले बुझाउनु पर्ने RTDF तथा Royalty हरु माथी प्रकरणमा उल्लेख गरीए बमोजिम विपक्षी प्राधिकरण एवं नेपाल सरकार समक्ष तिर्दे बुझाउँदै आएको छ। निवेदक कम्पनीले ऐन तथा नियमावली बमोजिम दुरसंचार सेवा सम्बन्धि व्यापार व्यवसाय गरेबापत आ.व. २०७९/०८० मा निवेदक कम्पनीलाई प्राप्त भएको बार्षिक आयको **RTDF** सम्बन्धि २% का दरले हुने रु. ३,५५,४९,५४९/- (अक्षरुपी तीन करोर पचपन्न लाख उनानपचास हजार पांच सय उनानपचास रुपीया) र बार्षिक कुल आम्दानीको **Royalty** सम्बंन्धि ४ % का दरले हुने रु ७,१०,९९,०९९/- (अक्षरुपी सात करोड दस लाख उनान्सय हजार उनान्सय रुपिया) भुक्तानी गर्नु पर्ने काननी दायित्व रहेको करा स्पष्ट छ ।

घ) ऐनको दफा २(घ) मा दूरसञ्चार सेवाको परिभाषा गरिएको छ । ऐ. प्रावधान बमोजिमको सेवा उपलब्ध गराए बापत सेवाग्राहीलाई लगाइने र सेवाग्राहीले भुक्तानी गर्ने रकमलाई दूरसञ्चार सेवा बापत प्राप्त गरेको रकम मानिन्छ । दूरसञ्चार सेवा ऐनमा नै परिभाषा गरिएको छ । सो सेवा बापत प्राप्त रकम रोयल्टी र ग्रामीण दूरसञ्चार विकास कोषको आधार (Base Rate) हुने व्यहोरा विनियमावलीको विनियम ५(ख) र नियमावलीको नियम २६ को प्रावधानले प्रष्ट गर्दछ । ऐन—१ र विनियमावली—१ दूरसञ्चार सेवासँग सम्बन्धित कानूनी व्यवस्था हुन् । उक्त कानूनी प्रावधान अन्तर्गत लाग्ने कुनैपनि रकम दूरसञ्चार सेवासँग मात्रै सम्बन्धित र सिमित हुन्छ । तसर्थ गैरदूरसञ्चारजन्य कृयामा आर्जन वा प्राप्त हुने रकममा उपरोक्त कर लगाई भएको निर्णय एवं पत्राचार समग्र कानूनको परिध भन्दा बाहिर रहेको छ ।

ङ) नियमावलीको नियम २६(१) मा गैरदूरसञ्चार सेवामा रोयल्टी वा ग्रामीण दूरसञ्चार विकास कोष सम्बन्धी प्रावधान आकर्षित नहुने व्यहोरा एकिन र स्पष्ट गर्न स्पष्टीकरण दिइएको छ । यसमा भएको प्रावधान अनुसार वार्षिक कूल आम्दानी भन्नाले ग्राहकसँग लिएको धरौटी, सेवाकर, मू.अ.क. लगायत अन्य अप्रत्यक्ष कर तथा दूरसञ्चार सम्बन्धी उपकरण बिक्री गर्दा प्राप्त हुने रकम रोयल्टी र कोषको आधार नहुने स्पष्ट गरेको छ । यसप्रकार कानूनले नै करको आधार नहुने व्यवस्था गरेको रकमलाई करको आधार बनाई भएको निर्णय एवं पत्राचार नियमावलीको नियम २६(१) को स्पष्टीकरण प्रतिकूल छ ।

च) दूरसञ्चार सम्बन्धी कानूनले दूरसञ्चार सेवा र गैरदूरसञ्चार सेवा बिच स्पष्ट विभेद गरेको छ । सम्बन्धित कानूनले दूरसञ्चार सेवा उपलब्ध गराए बापत प्राप्त हुने रकमलाई मात्रै रोयल्टी र कोषको आधार कायम गरेको वा मानेको छ । ऐन, नियमावली एवं विनियमावलीले दूरसञ्चार सेवा बाहेक अन्य कार्य वा प्रणालीबाट प्राप्त हुने रकमलाई रोयल्टी वा कोषको दायराभित्र ल्याउन नै सक्दैन । उपरोक्त कानून विशुद्ध दूरसञ्चार सेवासँग सिमित र सम्बन्धित भएकोले सो भन्दा अन्यमा करजनित दायित्व सृजना हुने कार्य विनियमावली वा नियमावली वा प्राधिकरणको निर्णय वा पत्राचारद्वारा हुन सक्दैन । विधायिका निर्मित कानून बाहेक अन्यबाट कर सरहको दायित्व सृजना हुनेगरी दायरा वृद्धि हुने कार्य गर्ने अधिकार प्रत्यर्थिसंग रहेको छैन । तसर्थ प्राधिकरणको मिति २०७६।२।२४ को निर्णय र मिति २०७६।३।०२ को पत्र क्षेत्राधिकार विहिन भई स.अ.बु.२०५९ पृ.२५२ पृ.३ (जितमान श्रेष्ठ वि. जि.वि.स. महेन्द्रनगर) ने.का.प.२०६० नि.नं.७१८४ पृ.१६० मा प्रतिपादीत सिद्धान्त बमोजिम बदरभागी छ ।

छ) प्रत्यक्ष रुपमा कर लगाउने र कर लगाउने दायरा वृद्धि गर्ने कार्यलाई कानूनतः समान प्रकृतिको कार्य मानिन्छ । कानूनतः कर नलाग्ने सेवा वा कारोबारलाई कर लाग्ने दायरामा ल्याउनु अप्रत्यक्ष रुपमा कर लाग्ने प्रबन्ध गरिनु हो । प्रत्यर्थीहरुलाई रोयल्टी वा कोष बापतको रकम जम्मा गर्नुपर्ने आधार दूरसञ्चार सेवामा सिमित रही गर्नुपर्ने हुन्छ । ऐन दूरसञ्चार सेवालाई नियमन र व्यवस्थित गर्न लागु भएको हो । तसर्थ सेवा र सो अन्तर्गत बनेको नियमावलीले गैरदूरसञ्चारजन्य कारोबारलाई रोयल्टी वा कोषको दायरामा ल्याउने कुनै कार्य गर्न सक्दैन । जुन कार्य प्रत्यक्ष रुपमा गर्न मिल्दैन सो कार्य अप्रत्यक्ष रुपमा समेत गर्न नमिल्ने स्थापित न्यायीक सिद्धान्त छ ।

ज) कर वा कर प्रकृतिको दायित्व विधायिका निर्मित कानूनले मात्रै सृजना गर्न सक्ने विश्वव्यापी मान्य न्यायीक सिद्धान्त र संवैधानिक मान्यता रहेको छ । दूरसञ्चार ऐन, २०५३ स्पष्टतः दूरसञ्चार सेवासँग सम्बन्धित रहेकोले कोष तथा रोयल्टीको आधार समेत दूरसञ्चार सेवासँग सम्बन्धित रहेको छ । तसर्थ ऐनले कर लगाउने व्यवस्था नगरेको विषयलाई करको दायरामा ल्याउने कार्य ने.का.प. २०६९ नि.नं.८९१७ पृ.

श्री सर्वोच्च अदालतमा दायर गरेको

## निवेदन-पत्र

विषयः उत्प्रेषण, परमादेश लागायतको उपयुक्त आज्ञा आदेश जारी गरी पाऊँ ।

का.जि. का.म.न.पा. वडा नं. ४ वालुवाटार स्थित सुविसु केवलनेट लि. को अख्तियार प्राप्त व्यक्ति अधिवक्ता प्रितम घिमिरे........................................................................1 } निवेदक बादी

विरुद्ध

का.जि.का.म.न.पा जमल स्थित नेपाल दुरसञ्चार प्राधिकरण ........................................ १
ऐ.ऐ स्थित नेपाल दूरसंचार प्राधिकरण,अनुमति शाखा.................................................१
सञ्चार तथा सूचना प्राविधि मनत्रालय, सिंहदरवार, काठमाडौं ........................................ १
} बिपक्षी प्रत्यार्थी

मुद्दाः उत्प्रेषण परमादेश समेत ।

म निवेदक सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३२(१) वमोजिम लाग्ने दस्तुर यसै संलग्न गरी नेपालको संविधानको धारा १७, १८, २०, २५, ३३, ४६, ४७ र १३३(२) वमोजिम निम्न व्यहोराको निवेदन गर्दछु ।

१) निवेदनको तथ्यगत विवरणः

क) निवेदक सुविसु केवलनेट लि. (यस पश्चात "निवेदक" वा "कम्पनी" भनिएको) नेपालको प्रचलित कानुन बमोजिम सम्पूर्ण प्रक्रिया पुरा गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता कायम रहि नियामक निकाय नेपाल दुरसञ्चार प्राधिकरण एवं सुचना, संचार तथा प्रविधि मन्त्रालयवाट आवश्यक इजाजत प्राप्त गरी विगत २० वर्षदेखी इन्टरनेट तथा केवलनेट सम्वन्धि काम गर्दै आएको कम्पनी हो । यस कम्पनीले दूरसञ्चार ऐन, २०५३ को दफा २४(१) वमोजिम ऐ.को दफा २(घ) मा उल्लेखित दूरसञ्चार सेवा सञ्चालन गर्ने अनुमति प्राप्त गरेको छ । कम्पनी ऐन, २०६३ को दफा ७(३), मुलुकी देवानी संहिता, २०७४ को दफा ४२(७) र ने.का.प.२०६७ नि.नं.८३४६ पृ.५८१ मा प्रतिपादित सिद्धान्त वमोजिम कम्पनीको हक संरक्षण एवं प्रचलनको लागि प्रस्तुत निवेदन गर्ने अधिकार राख्दछ ।

ख) निवेदक कम्पनीले दुरसञ्चार ऐन २०५३ (यसपछि "ऐन" भनिएको) को दफा २३ तथा दुरसञ्चार नियमावली २०५४ (यसपछि "नियमावली" भनिएको) को नियम १० वमोजिम विपक्षी दुरसञ्चार प्राधिकरणवाट. मिति २०६०/०९/२६ मा दुरसञ्चार सेवा (इन्टरनेट सेवा) संचालन गर्न दर्ता अनुमति प्राप्त गरी २५ वर्षको लागि अनुमति पत्र (लाइसेन्स) प्राप्त गरेको अवस्था छ, जुन ५-५ वर्षमा नवीकरण हुँदै आएको छ । इन्टरनेट सेवा प्रदान गर्ने गराउने प्रयोजनार्थ नेपालको प्रचलित कानुन दुरसञ्चार ऐन २०५३ र ऐ. को नियमावली

मस्यौदाकार: अधिवक्ता प्रितम घिमिरे
प्र.प.नं. २०००



Scanned with CamScanner

रकम कुल आयमा गणना गर्न नमिल्ने र सो आयलाई गैर दूरसंचार सेवा सम्बन्धि आयमा गणना गर्नु पर्ने ।

ख) ऐनको दफा ३२ बमोजिम बुझाउनुपर्ने रोयल्टीको दर नियमावलीको नियम २६(ख) मा ऐ. को नियम १०(५) बमोजिम अनुमति प्राप्त व्यक्तिले आफुले गरेको वार्षिक कुल आम्दानीको ४% का दरले रकम भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी विनियमावलीको विनियम ५ मा अनुमती प्राप्त व्यक्तिले सञ्चालन गरेको दूरसंचार सेवाबाट प्राप्त गरेको वार्षिक आयको २% ले हुने रकम RTDF मा जम्मा गर्नुपर्ने प्रावधान छ । उपरोक्त प्रावधान दूरसंचार सेवा प्रदान गर्न अनुमति प्राप्त व्यक्तिले गरेको गैर दूरसञ्चार सेवामा लागू नहुने भएकोले प्राधिकरणबाट जारी पत्र र सोको आधारमा निवेदक कम्पनीको अनुमति-पत्र नवीकरण समेत नगर्ने कार्य स्पष्टतः कानून प्रतिकुल छन् ।

ग) दूरसञ्चार सेवा र सोको आनुषाङ्गिक वा सहायक सेवाहरु फरक हुन् । दूरसञ्चार सेवा ऐनको दफा २(घ) मा परिभाषित गरिएको छ । सो बमोजिमको सेवा मात्रै दूरसञ्चार सेवा हुने र उक्त सेवा बापत प्राप्त रकम मात्रै दूरसञ्चार सेवा बापतको रकम हुने कानूनी व्यवस्था प्रष्ट हुँदाहुदै प्रत्यर्थीबाट गैरदूरसञ्चार सेवामा कर प्रकृतिको रोयल्टी र दस्तुर लगाउने कार्यबाट निवेदक उपर गैरकानूनी करलाग्ने भई नेपालको संविधानको धारा १७(२)(च), १८(१), २५, २७, ११५, मुलुकी देवानी संहिता, २०७४ को दफा २३ द्वारा प्रदत्त मौलिक, संवैधानिक एवं कानूनी हकमा आघात पुऱ्याएकोले ऐ.संविधानको धारा ४६ र १३३(२)(३) समेतको आधारमा यो निवेदनपत्र लिई सम्मानित अदालत समक्ष उपस्थित भएको छु ।

३) प्रत्यर्थि प्राधिकरणबाट मिति २०८०/११/०४ मा जारी पत्र एवं तत्सम्बन्धमा कुनै निर्णय भएमा सो सहित तत्सम्बन्धी सम्पूर्ण कारवाई गैरकानूनी भई निवेदकको माग बमोजिम उत्प्रेषण मिश्रित परमादेशको आदेश जारी हुनुपर्ने व्यहोरा निम्नानुसार प्रष्ट्याँउदछु ।

क) ऐनको दफा ३०(४) मा ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको विकास, विस्तार र सञ्चालनको लागि एक कोष खडा गर्ने र अनुमति प्राप्त व्यक्तिले प्राप्त गरेको वार्षिक आयको प्राधिकरणले तोके बमोजिमको रकम प्रत्येक वर्ष सो कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । उक्त कोषको स्थापना एवं सञ्चालन गर्न प्राधिकरणले विनियमावली बनाई लागु गरेको हो । विनियमावलीको विनियम ५ मा अनुमति प्राप्त व्यक्तिले सञ्चालन गरेको दूरसञ्चार सेवाबाट प्राप्त वार्षिक आयको २% रकम उक्त कोषमा योगदान गर्नुपर्ने प्रावधान छ ।

ख) ऐनको दफा ३२ मा अनुमती प्राप्त व्यक्तिले तोकिए बमोजिमको रोयल्टी नेपाल सरकारलाई बुझाउनुपर्ने प्रावधान छ । उपरोक्त रोयल्टी बुझाउने तरिका र समय प्राधिकरणले तोकिदिए बमोजिम हुने दफा ३२(३) मा व्यवस्था छ । यस व्यवस्थालाई नियमित गर्ने क्रममा नियमावलीको नियम २६ मा कूल आम्दानीको ४% रकम रोयल्टीको रुपमा नेपाल सरकारलाई बुझाउनुपर्ने र सो अवधीभित्र नबुझाएमा बुझाउन बाँकी रकमको २% दरले प्रत्येक महिना थप दस्तुर लाग्ने व्यवस्था गरेको छ ।

ग) रोयल्टी वा ग्रामिण दुरसञ्चार विकास कोषको रकम निर्धारण गर्ने आधार के हो भन्ने व्यहोरामा प्रत्यर्थीहरु द्विविधामा रहेको देखिन्छ । अनुमती प्राप्त व्यक्तिले उपलब्ध गराउने सम्पूर्ण सेवा दूरसञ्चार सेवा होइन ? दूरसञ्चार सेवा उपलब्ध गराउने क्रममा कुनै सामान भाडामा उपलब्ध गराउने, त्यस्तो सामान जडान गरे बापत लिईने शुल्क, जडान गरेको सामानको मर्मत संभार बापत लाग्ने खर्च अन्य सेवा अन्तर्गत पर्दछ । तसर्थ गैरदूरसञ्चार सेवा अन्तर्गत पर्ने सेवा वा सुविधा बापतको रकममा उपरोक्त शुल्क लगाउने गरी प्रत्यर्थीबाट भएको निर्णय एवं पत्राचार दूरसञ्चार ऐन, २०५३ को दफा ३०(३) र ३२ प्रतिकूल छ ।

| क्र. सं. | विवरण | मिति | बैंक | खता नं. | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | नविकरण दस्तुर बापत | २०८०/०६/२१ | नविल बैंक लि. | ०१०६०११६६४२०१ | २,७०,०००।- | श्री नेपाल दुरसंचार प्राधिकरण को खातामा जम्मा गरेको । |
| २. | RTDF | २०८०/०९/२६ | नविल बैंक लि. | ०१०६०११६६४२०१ठ | ३,५५,४९,५४९ ।- | श्री नेपाल दुरसंचार प्राधिकरण को खातामा जम्मा गरेको । |
| 3. | Royalty | २०८०/०९/२७ | एभेष्ट बैंक लि | Office Code:35800350 1 | २,०२,००,००० ।- | श्री संचार तथा सुचना प्रविधि मन्त्रालय को खातामा जम्म गरेको । |
| ४ | Royalty | २०८०।१२।२५ | एभेष्ट बैंक लि | Office Code:35800350 1 | ५,०८,९९,०९९।- | श्री संचार तथा सुचना प्रविधि मन्त्रालय को खातामा जम्म गरेको । |

ङ) यसरी माथी तालिकामा उल्लेख गरेबमोजिमको आ.व. २०७९।०८० को हकमा तिर्नु पर्ने सम्पुर्ण RTDF, Royalty एवं नविकरण दस्तुर समेत तिरी बारम्बार विपक्षी प्राधिकरण समक्ष नविकरण गरीदिन भनी पत्राचार गरीएकोमा सो सम्वन्धमा कुनै पनि निर्णय नगर्ने एवं निवेदक कम्पनीको अनुमतीपत्र समेत नविकरण नगरीएको अवस्था छ । यसरी निवेदक कम्पनीले बारम्बार विपक्षी प्राधिकरण समक्ष नविकरण गर्न आग्रह गरेको थियो अन्तिम पटक मिति २०८०।१२।२५ मा सम्पुर्ण व्यहोरा स्पष्ट पारी विपक्षी प्राधिकरणलाई नविकरण गरीदिन आग्रह गरेकोमा सो समेतको बेवास्था गरी बसेको अवस्था रहे भएको हुँदा निवेदक कम्पनीको नविकरण नभएमा निवेदकलाई अपुरणीय क्षति समेत हुने हुँदा निवेदक कम्पनीको इन्टरनेट सम्वन्धी अनुमतिपत्र तत्काल नविकरण गर्नु गर्न लगाउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरी पाऊँ ।

५) निवेदकले माग गरेको उपचारः

क) दुरसञ्चार सम्वन्धी नियामक ऐन, नियमावली तथा विनियमहरुमा दुरसञ्चार सेवा तथा गैर दुरसञ्चार सेवा फरक रहेको उल्लेख भएको तथा दुरसञ्चार सेवामा मात्र रोयल्टी तथा RTDF कोषको रकम जम्मा गर्नुपर्ने स्पष्ट कानूनी व्यवस्था रहेको तथा प्रतिनिधि सभा, सार्वजनिक लेखा समितिबाट समेत उक्त विषयमा गैर दुरसञ्चार सेवाको आयमा रोयल्टी र RTDF दाखिला हुने रकम भुक्तानी गर्नु नपर्ने भनी महालेखापरीक्षकको बेरुजुको लगत कट्टा भइसकेको अवस्थामा सो समेतको विपरीत हुने गरी गैरकानूनी तरीकाले परोक्ष रुपमा रोयल्टी तथा RTDF बापतको नपुग रकम दाखिला गर्नु भनी गरीएको पत्राचार तथा सो सम्वन्धमा गरीएका निर्णय एवं कार्यहरु यो निवेदन-पत्रको प्रकरण नं.३ तथा प्रकरण नं. ४ मा विवेचित तथ्य कानूनी व्यवस्था एवं प्रतिपादित सिद्वान्त समेतको विपरीत रहेको हुँदा विपक्षी प्राधिकरणबाट प.सं. अ.व्य.शा.-०८०।८१-१७६, च.नं. २.१-२६५३ मिति २०८०।११।०४ को पत्र एवं सो सम्वन्धमा भए गरेका सम्पुर्ण निर्णय तथा काम कारबाहीहरु नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी पाऊँ ।

मिति २०८०।१२।२५ मा इन्टरनेटको [illegible] देखि बारम्बार गरी अन्तिम पटक सो निवेदन अनुरुप नविकरण गर्न समेत विपक्षी प्राधिकरणले ईन्कार गरी हालसम्म नविकरण सम्वन्धमा कुनै पनि निर्णय नै नगरीएको र निवेदक कम्पनीको इजाजतपत्र ईन्टरनेटसंग सम्बन्धित भई लाखौं उपभोक्तालाई असर पर्नुको साथै निवेदकको पेशा व्यवसायसंग सम्बन्धित विषय समेत भएकाले निवेदकले मिति २०८०।०६।२१ मा नै नविकरण दस्तुर वुझाईसकेको र अन्तिम पटक मिति २०८०।१२।२५ मा नविकरण गरी पाउँ भनी विपक्षी प्राधिकरणमा पेश गरेको निवेदन अनुसार हाललाई निवेदक कम्पनीको ISP इजाजतपत्र नविकरण गर्नु निवेदकको सेवा प्रवाहमा कुनै बाधा व्यवधान नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ (१) बमोजिम विपक्षीहरुका नाउँमा अन्तरिम आदेश जारी गरी पाउँ।

ग) निम्न लिखित आदेशहरु समेत जारी गरी पाऊः

अ) इजाजत नविकरण नभएको कारणले कम्पनीले विभिन्न संगठित संस्था विदेशी नियोग एवं फर्म कम्पनीवाट कम्पनीले कानुन बमोजिम सहभागी हुन पाउने ठेक्का, टेण्डरमा सहभागी हुन नपाएको निरन्तर रुपमा सेवा दिई रहेको कम्पनीहरुसँगको सम्झौतालाई नविकरण गर्न नसकिएको र काम सम्पन्न गरिसकेका निकायहरुसँग बिल भौचर जारि गरि रकम भुक्तानी लिन कानुनी समस्या उत्पन्न भएको कारणले निवेदक कम्पनीलाई अपुरणीय क्षेती पुग्न गएको देखिदा तत्काल इजाजत नविकरण गरि इजाजत बमोजिमको काम कारवाहि गर्न बाधा व्यवधान सिर्जना नगर्नु नगराउनु ।

आ) विपक्षी प्राधिकरणले मिति २०६०/०९/२४ मा जारी गरेको इन्टरनेट सञ्चालन सम्वन्धि २५ वर्षे अवधि बाँकी नै रहेको अवस्थामा सो इजाजत पत्र निस्प्रयोजन हुने गरि हरेक ५ वर्षमा स्वतः नविकरण गरिदिनु पर्ने इजाजत नविकरण नगरी मिति २०८०/११/०४ मा बक्यौता देखाई पत्राचार गरिएकोमा सो पत्राचार बमोजिम निवेदकले रोयल्टी र RTDF वापतको रकम दाखिला गरि भौचर समेत दाखिला गरि मिति २०८०/१२/२५ मा प्राधिकरण समक्ष निवेदन गरेको अवस्थामा देखिदा सो वमोजिम इजाजत नविकरण गरि निवेदकलाई जानकारी गराउनु ।

इ) निवेदकले मिति २०८०/६/१९ देखि ५ पटक सम्म नविकरण दस्तुर सहित इजाजत नविकरणको लागी निवेदन गरेकोमा हाल सम्म अर्थात ६ महिना सम्म कुनै पनि निर्णय गरेको नदेखिदा तत्काल इजाजत पत्र नविकरण सम्वन्धमा निर्णय गरी निवेदकलाई जानकारी दिनु ।

ई) निवेदक कम्पनीलाई कारोवारसंग सम्बन्धित कुनै किसिमको आवश्यक सिफारीश एवं सहजिकरण तथा काम कारवाहीहरुमा रोक नलगाउनु ।

उ) निवेदक कम्पनीमा हाल विशेषज्ञ इञ्जिनियर सहित १७०० (सत्र सय) नेपाली नागरिकहरुले प्रत्यक्ष रोजगारी पाइरहेकोमा हाल इजाजत नविकरण नभएको कारणले नयाँ योजना (प्रोजेक्ट) बोलपत्रबाट लिने,नयाँ सेवाग्राही थप्ने लगायतका काम कारवाही ठप्प रहेको हुँदा इजाजत नविकरण नभएमा कम्पनी बन्द हुन गई ठूलो संख्यामा रोजगारी समेत गुम्न जाने हुँदा तत्काल नविकरण गरिदिनू।

कम्पनीको अनुमतिपत्र नवीकरण गर्ने सम्बन्धमा अन्य वैकल्पिक उपचारको अभावमा यो रिट निवेदन लिई उपस्थित भएको छु ।

क) दूरसंचार ऐन २०५३ को दफा २(घ) ले व्यवस्था गरेको दूरसंचार सेवाको परिभाषा तथा दूरसंचार नियमावली २०५४ को अनुसुची ६ (क) ले उल्लेख गरेका दूरसंचार सेवाका किसिममा कहीँ कतै पनि मर्मत तथा संभार दूरसंचार सेवा भित्र नपर्ने भएका कारण गैर दूरसंचार सेवा रहेको स्पष्ट छ । दूरसंचार नियमावली २०५४ को नियम २६ बमोजिम रोयल्टी र RTDF प्रयोजनको लागि कुल आम्दानीको व्याख्या अनुसार "वार्षिक कुल आम्दानी" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहक संग लिएको धरौटी, सेवा कर, मूल्य अभिवृद्धि कर लगायत अन्य अप्रत्यक्ष कर तथा *दूरसंचार सम्बन्धी उपकरण बिक्रि गर्दा प्राप्त हुने रकम बाहेक* दूरसंचार सेवा प्रदान गरे वापत अनुमति पत्र प्राप्त व्यक्तिले प्राप्त गरेको आम्दानीलाई जनाउछ । ।विधायिकाले दूरसंचार उपकरण जडान,सुरक्षा निक्षेप तथा उपकरणहरु(राउटर,केवल आदि) बिक्रि वितरणको सेवा दूरसंचारको सेवा नभई दूरसंचार सेवा प्रदान गर्न आवश्यक मर्मत तथा संभार र Monitoring and Technical Charges रहेकोले यी सेवा सुविधा वाहे आर्जन गरेको आयवाहेक दूरसंचार सेवा रहेकोमा यी वाहेक अन्यमा मात्र RTDF र रोयल्टी लाग्ने मनसाय राखी उल्लेखित कानूनी प्रावधानको तर्जुमा गरेको हो। यस विषयवस्तुलाई निम्न बुँदाहरुमा विस्तृत रुपमा बयान गरिएको छः

अ) नेपाल सरकार अर्थ मन्त्रालयले मिति २०७५/०९/१२ को विभागीय मन्त्रीबाट स्वीकृत निर्णयको निर्णय नं ४(क) मा "इन्टरनेट जडान गर्दा लाग्ने राउटर लगायतका उपकरण,इन्ट्रानेट/लिज लाइन डाटा कनेक्टिभिटी र मर्मत सम्भार शुल्कमा दूरसंचार सेवा दस्तुर छुट दिने "निर्णयार्थ इन्टरनेट सेवाको मुल्य समायोजन गर्न सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुलाई पत्राचार गरेको थियो।

आ) २०७६/०४/१५ मा राजपत्रांकित सूचनाबाट दूरसंचार नियमावली २०५४ को नवौं संशोधनमा नियम १५ को उपनियम (१) को खण्ड (ज) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः "तर दूरसंचार सेवा अन्तर्गत फिक्स्ड वायर्ड ब्रोडब्याण्ड सेवा प्रदान गरे बापत लाग्ने महसुलमा बढीमा पचास प्रतिशत सम्म सम्भार शुल्क लगाउन सक्नेछ" ।

इ) महालेखापरीक्षकको कार्यालयले ५६ औं प्रतिवेदनमा औंल्याएको बेरुजु उपर सार्वजनिक लेखा समितिको २० औं प्रतिवेदनमा समेत समावेश गरिएको संघीय संसद प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिको मिति २०७६/०२/३० को छलफलका निर्णयहरुको बुंदा नं ७ बमोजिम "उल्लेखित सेवा प्रदायकको हकमा दूरसंचार नियमावली २०५४ को नियम २६ र अनुसूची ६(क) अनुसार Support Charge, Annual Maintenance Charge, Technical Charge, र Monitoring Charge जस्ता गैर दूरसंचार सेवामा रोयल्टी र RTDF नलाग्ने" निर्णय भएको हुँदा स्वही अनुरुप रोयल्टी र RTDF को बेरुजु हटाइदिनु हुन विनम्र अनुरोध गर्दछौं ।" भनी पत्राचार गरी महालेखापरिक्षकको कार्यालयले सम्परिक्षेण समेत गरिसकेको अवस्था छ। सो व्यहोरा मिति २०७९/०१/२६ मा महालेखापरिक्षकको कार्यालयले संचार तथा सूचना प्रविधि मन्त्रालयलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ४१ तथा ऐ.नियमावली २०७७ को नियम ९१(२) लगत कट्टा गरिसकेको व्यहोरा सहित पेपिन

०८८

# नेपाल दूरसञ्चार प्राधिकरण

(अनुमतिपत्र व्यवस्थापन शाखा)

प.सं.:- अ.व्य.शा.-०८०/८१-१६६ | मितिः-२०८०।११।०४
च.नं.:- २.१- २६५३

श्री सुबिसु केवलनेट लिमिटेड
बालुवाटार, काठमाडौं ।

विषयः- Royalty र RTDF वापतको नपुग रकम जम्मा गर्ने सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा तहाँ लिमिटेडले आ.व. २०७९।८० को अडिटेड वित्तिय विवरण अनुसार नेपाल सरकारलाई बुझाउनु पर्ने रोयल्टी वापत बुझाएको रकममा नपुग देखिएको हुँदा रोयल्टी वापतको नपुग रकममा थप दस्तूर सहित रू. १०५,७८१,८९६.३६।- र यस प्राधिकरणमा ग्रामिण दूरसञ्चार विकास कोष (RTDF) वापतको नपुग रकममा थप दस्तूर सहित रू. २६,४२३,४१७.२२।- २०८० फागुन भित्र दाखिला गरी सो भौचर सहित प्राधिकरणमा दर्ता गराउनु हुन अनुरोध छ।

सुनिल खतिवडा
सहायक निर्देशक

सञ्चार सेवा(इन्टरनेट सेवा) सञ्चालन गर्न अनुमति दिएको छ [illegible] लागु हुने गरि २५ वर्ष अवधिको लागी दुर २० वर्ष पुरा भई अव ५ वर्ष अवधिको लागि इन्टरनेट सञ्चालन गर्ने अनुमति बाँकी नै रहेको छ । सो बमोजिम मिति २०८०/०९/२६ मा बमोजिम दुरसञ्चार ऐन, २०५३ को दफा २५ , ऐ. नियमावली, २०५४ को नियम १२ एवं विपक्षी प्राधिकरणले निवेदक कम्पनीलाई दिएको अनुमतिपत्रको १२ नं. बमोजिम  हरेक ५ वर्ष मा इजाजत नविकरण गर्नुपर्ने र नविकरण दस्तुर नियमावलीको अनुसूची-७ बमोजिम बमोजिम निवेदक कम्पनीले इजाजत नविकरण गरिदिने नविकरण वापत लाग्ने दस्तुर जम्मा रु.२,७०,०००।— नविल बैंकको खाता नं.०१०६०११६६४०१ मा दाखिला गरी सो को भौचर सहित मिति २०८०/०६/१९ मा विपक्षी नेपाल दुर सञ्चार प्राधिकरण समक्ष निवेदन गरेको थियो ।

ख) दुसञ्चार ऐन,२०५३ को दफा २५(२) वमोजिम अनुमतिपत्र नविकरण गर्न चाहाने अनुमति प्राप्त व्यक्तिले अनुमतिपत्र अवधि समाप्त हुनु भन्दा ३ महिना अगावै निवेदन दिनु पर्ने व्यवस्था भए बमोजिम न निवेदक कम्पनीले नविकरणको लागी मिति २०८०।०६।१९ मा नै निवेदन दिई मिति २०८०।०६।२१ मा नविकरण वापतको दस्तुर समेत दाखिला गरी सो को भौचर समेत विपक्षी प्राधिकरणलाई बुझाएको थियो । निवेदक कम्पनीले मिति २०८०।०६।१९ देखि मिति २०८०।१२।२५ सम्म ६ पटक सम्म अनुमतिपत्र नविकरण गरीदिन प्राधिकरण समक्ष निवेदन दिइएको थियो । ऐ. ऐनको दफा २५(३) र दफा २५(४) र दुरसञ्चार नियमावली, २०५४ को नियम १२ एवं विपक्षी प्राधिकरणले निवेदक कम्पनीलाई दिएको अनुमतिपत्रको १५.१३ वमोजिम ३ महिना अगावै नविकरणको लागी निवेदन एवं सो वापत वुझाउनु पर्ने राजश्व समेत दाखिला गरीसकेको छ । यसरी नविकरण सम्वन्धमा भएका ऐन, कानून तथा नियमावली वमोजिम निवेदक कम्नपीले निवेदन दिएको र नविकरण दस्तुर समेत वुझाईसके पश्चात विपक्षी प्राधिकरणले निवेदक कम्पनीको इन्टरनेट सम्वन्धी इजाजतपत्र नविकरण गरीदिनु पर्ने थियो । वारम्वार निवेदक कम्पनीको निवेदनमा कारवाही नै नगरी ऐन कानून वमोजिम विपक्षी प्राधिकरणले निवेदक कम्पनीको इजाजतपत्र नविकरण नगर्नु प्रचलित ऐन, कानून एवं सर्वोच्च अदालतवाट प्रतिपादित सिद्दान्त समेतको प्रतिकुल रहेको प्रष्ट छ ।

ग) मिति २०८०।०६।१९ गते निवेदन दिएपश्चात मिति २०८०/०८/२६, मिति २०८०/१०/११, मिति २०८०/१०/२३ मा नविकरणको लागी निवेदन गरिएकोमा विपक्षी प्राधिकरणवाट मिति २०८०/११/०४ मा आ.व. २०७९/०८० को अडिटेड विवरण अनुसार रोयल्टी रकममा नपुग देखिएको थप दस्तुर रु.१०५,७८१,८९६।६६ र यस दुर सञ्चार विकास कोष (RTDF) वापतको नपुग रकम थप दस्तुर सहित रु.२६,४२३,४१७।२२  दाखिला गरि सो भौचर सहित प्राधिकरणमा दर्ता गराउन पत्राचार गरिएको थियो । सो पत्र वमोजिम मिति २०८०/१२/२५ मा नेपाल दुर सञ्चार प्राधिकरण ऐन २०५३ तथा नियमावली २०५४ वमोजिम वुझाउनु पर्ने रकम र विलम्व शुल्क समेत वुझाई ईजाजत नविकरण गराई पाउन विपक्षी प्राधिकरण समक्ष निवेदन गरिएको थियो । उक्त मिति २०८०/१२/२५ को पत्रमा रकम दाखिला गरेको विस्तृत विवरण उल्लेख गरिएको र उक्त पत्र यसै निवेदन साथ पेश गरिएको छ ।

घ) निवेदक कम्पनीले आ.व. २०७९।०८० को नियमानुसारको विपक्षी प्राधिकरणमा तिर्न वुझाउनुपर्ने RTDF तथा विपक्षी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा तिर्नु वुझाउनु पर्ने Royalty वापतको सम्पुर्ण रकम भुक्तानी गरीसकिएको र विपक्षीहरुलाई तिर्नु वुझाउनु पर्ने कुनै दस्तुर शुल्क नरहेको अवस्था छ । निवेदक

........ले ........ तर्फबाट
सारी सान माग्ने वस्तुर लिई नक्कल दिनु पाना १ को
रु ........ का दरले जम्मा पाना ..... १ ..... को
रु ........ मिति २०८०।१२।१६

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
मानननीय न्यायाधीश श्री अब्दुल अजीज मुसलमान
आदेश
०८०-WO-१०११
मुद्दाः उत्प्रेषणसमेत।

वर्ल्डलिंक कम्युनिकेशन्स लि. को तर्फबाट अख्तियार प्राप्त संचालक लक्ष्मण यादव...१ निवेदक

विरुद्ध

नेपाल दुरसञ्चार प्राधिकरण जमलसमेत.......................................................१ विपक्षी

यसमा निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री सतिसकृष्ण खरेल, श्री सूर्यप्रसाद कोइराला, श्री सरदप्रसाद कोइराला र श्री महेश थापा तथा विद्वान् अधिवक्ताद्धय श्री अनुस्का भट्टराई र विशेष थापाले गर्नुभएको वहससमेत सुनियो ।

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १, र २ को हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत तथा विपक्षी नं. ३ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेस गर्नु भनी विपक्षीहरुका नाउँमा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई म्यादभित्र लिखितजवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

निवेदकले अन्तरिम आदेश माग गरेको सन्दर्भमा विचार गर्दा विषय बस्तुको प्रकृति एवम् गम्भिर्यताको आधारमा दुवै पक्षको जिकिर सुनी निवेदन माग बमोजिमको अन्तरिम आदेश जारी हुने वा नहुने निस्कर्षमा पुग्न आवश्यक र उपयुक्त देखिंदा मिति २०८०।१२।२३ गतेको लागि छलफलको तारेखं मुकरर गरी सो छलफल नभएसम्मको अवधीको लागि विपक्षी नेपाल दुर सञ्चार प्राधिकरणको प.सं. अ.शा. ०८०/०८१-२०४ च. नं. २.१/२९५० मिति २०८०।१२।१४ को पत्र कार्यान्वियन नगरी यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(१)(क) बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ। प्रस्तुत आदेशको जानकारी दुवै पक्षहरुलाई दिई नियमानुसार गर्नू।

च) सार्वजनिक लेखा समितिले महालेखापरिक्षकको कार्यालयलाई मिति २०७९/०१/२५ मा लेखेको पत्र।
छ) म.ले.प. ले लगत कट्टा गरेको सम्बन्धी मन्त्रालयलाई जारी गरेको मिति २०७९।०१।२६ को पत्र।
ज) निवेदक कम्पनीको ISP अनुमतीपत्र ।
झ) कम्पनी सम्बन्धी कागजातहरु ।
ञ) अख्तियारनामा तथा वारेशनामा ।

९) प्रस्तुत मुद्दामा हाल कानून व्यवसायी नियुक्त गरेको छैन । पछि निवेदकको तर्फबाट मुकरर हुनुहुने कानून व्यवसायीको बहस बुँदा, प्रमाण एवं प्रेषित नजिरहरुलाई यसै निवेदनको अभिन्न अंग मानी पाऊँ।

यसमा लेखिएको व्यहोरा ठिक साँचो हो, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

निज अ.प्रा. प्रितम घिमिरे

इति सम्वत् २०८१ साल वैशाख महिना ३ गते रोज २ शुभम्.......................

...कानून एवं नजिरहरु समेत बाट विपक्षी प्राधिकरणको मिति २०८०।११।०४ को पत्र गैरकानूनी भई हचुवाको भरमा यो यती रकम भनी उल्लेख गरी निवेदक कम्पनीलाई गैरकानूनी भार हुने गरी जारी गरीएको पत्र अन्यायपुर्ण भई बदरभागी छ,यद्यपी सो पत्रमा उल्लेख गरिएको विवाद रहित रकम निवेदक कम्पनीले भुक्तानी गरी भौचर समेत विपक्षी न्यायधिकरण समक्ष पेश गरेको विपक्षी प्राधिकरणको मिति २०८०।११।०४ को पत्र र सो सम्बन्धमा भए गरेका निर्णय, आदेश टिप्पणी, पत्राचार एवं भविश्यमा सो सम्बन्धमा हुने निर्णय एवं पत्राचारहरु समेत नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी पाऊँ ।

७) साथै निवेदक कम्पनीले विपक्षी प्राधिकरणको मिति २०८०।११।०४ को पत्र बमोजिमको आ.व. २०७९।८० को अविवादित रकम निवेदक कम्पनीको अडिट विवरण अनुसारको रकम दाखिला गरीसकेको, विपक्षी प्राधिकरणको उक्त पत्र कार्यान्ययन हुने भएमा निवेदक कम्पनीलाई अपुरणीय क्षती (Irreparable loss) हुने तथा सुविधा सन्तुलनको दृष्टिकोणबाट समेत निवेदक कम्पनीलाई नै धेरै क्षति हुने हुँदा विपक्षी प्राधिकरणको मिति २०८०।११।०४ को पत्र तत्काल कार्यान्वियन नगर्नु नगराउनु भनी अन्तरीम आदेश जारी गरी पाउँ । साथै, निवेदक कम्पनीले विपक्षी प्राधिकरणमा मिति २०८०।०६।१९ देखि बारम्बार गरी अन्तिम पटक मिति २०८०।१२।२५ मा इन्टरनेटको अनुमतीपत्र नविकरण गरी पाउँ भनी निवेदन गरेको कुनै कारणवस रोयल्टी वा RTDF बापतको रकम बक्यौता देखिए पनि सो बाँकि बक्यौतामा विलम्व दस्तुर समेत लिई सरकारी बाँकी सरह उठाउन सक्ने अधिकार विपक्षी प्राधिकरणमा रहेकोमा सो निवेदनअनुरुप नविकरण गर्न समेत विपक्षी प्राधिकरणले ईन्कार गरी हालसम्म नविकरण सम्वन्धमा कुनै पनि निर्णय नै नगरीएको र निवेदक कम्पनीको इजाजतपत्र ईन्टरनेटसंग सम्बन्धित भई लाखौं उपभोक्तालाई असर पर्नुको साथै निवेदकको पेशा व्यवसायसंग सम्वन्धित विषय समेत भएकाले निवेदकले मिति २०८०।०६।२१ मा नै नविकरण दस्तुर बुझाईसकेको र अन्तिम पटक मिति २०८०।१२।२५ मा नविकरण गरी पाउँ भनी विपक्षी प्राधिकरणमा पेश गरेको निवेदन अनुसार हाललाई निवेदक कम्पनीको ISP इजाजतपत्र नविकरण गर्नु निवेदकको सेवा प्रवाहमा कुनै बाधा व्यवधान नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ (१) बमोजिम विपक्षीहरुका नाउँमा अन्तरिम आदेश जारी गरी पाउँ।

८) संलग्न कागजातहरु:(प्रतिलिपि)

क) विपक्षी प्राधिकरणबाट जारी मिति २०८०।११।०४ को पत्र ।

ख) विपक्षी प्राधिकरणबाट जारी पत्रहरु ।

ग) निवेदक कम्पनीले विपक्षी प्राधिकरणलाई जारी गरेको मिति २०८०।०६।१९, मिति २०८०।०८।२६, मति २०८०।१०।११, २०८०।१०।२३ र मिति २०८०।१२।२५ को पत्रहरु ।

घ) निवेदक कम्पनीले दाखिला गरेको भौचरहरु ।

ङ) सार्वजनिक लेखा समितिको संघीय संसदले पारीत गरेका प्रतिवेदनहरु ।

झ) दूरसञ्चार सेवा प्रदान गर्न इजाजत प्राप्त व्यक्तीको सबै करोवार एवं कारोबारको आय दूरसञ्चार सेवाको आय नभई अन्य गैरदूरसञ्चारजन्य सेवा वा वस्तु विक्री, वहाल एवं सेवा समेत रहेको हुन्छ । दूरसञ्चार ऐन, २०५३ को दफा २(क) २ (घ) मा दूरसञ्चार र दूरसञ्चार सेवा परिभाषीत गरेको छ । सो बाहेकको अन्य कृयाकलापहरु दूरसञ्चार सेवा होइन र त्यसवाट भएको कारोबार दूरसञ्चारसंग सम्वन्धित हुँदैनन् । यस व्यहोरालाई नियमावलीको नियम २६ को स्पष्टीकरणले प्रष्ट गर्ने कार्य गरेको छ । यस स्पष्टीकरण अनुसार अनुमती प्राप्त व्यक्तीले ग्राहकसँग लिएको धरौटी, सेवा कर, मूल्य अभिवृद्धी कर लगायत अप्रत्यक्ष कर तथा दूरसञ्चार उपकरण विक्री गर्दा प्राप्त हुने रकम बाहेकको दूरसञ्चार सेवा प्रदान गरे वापतको रकम मात्रै वार्षिक कुल आम्दानीमा गणना हुने व्यवस्था गरेको छ ।

ञ) कानूनमा भएको व्यवस्था अनुसार दूरसञ्चारको अनुमती प्राप्त व्यक्तीले गैरदूरसञ्चारजन्य वस्तु एवं सेवा उपलव्ध गराउन सक्ने व्यहोरा प्रष्ट हुन्छ । गैरदूरसञ्चारजन्य सेवा वा दूरसञ्चारमा उपयोग हुने वस्तु विक्री गर्न दूरसंचार ऐन, २०५३ अन्तर्गतको इजाजत आवश्यक हुँदैन । तसर्थ ऐनले अनुमती आवश्यक नहुने र अनुमती प्राप्त व्यक्ती बाहेक अन्यले प्रदान गर्न सक्ने वा विक्री गर्न सक्ने प्रकृतिको कारोवारलाई रोयल्टी र RTDF को दायरामा ल्याई सोमा भुक्तानी गर्न बाध्य गर्ने र सो रकम भुक्तानी नगरेको आधारमा सार्वजानीक प्रतिस्पर्धामा रोक लगाउने कार्य स्पष्टतः नेपालको संविधानको धारा ५१(घ) र ११५ प्रतिकुल छ ।

ट) प्रत्यर्थीवाट के कुन आधारमा उपरोक्त बक्यौता देखाई रकम माग गरिएको हो सो को विवरण एवं निर्णय भएमा सम्मानित अदालतवाट झिकिबुझी पाउँ । उपरोक्त निर्णयको नक्कल एवं विवरण प्राप्त भएपछि कानून व्यवसायी मार्फत प्रतिरक्षा गर्न वा थप उपचार खोजी गर्नुपर्ने भएमा दूरसञ्चार सेवा प्रदान गर्न अन्य पूर्वाधार एवं वस्तुहरुको व्यवस्था र उक्त पूर्वाधार जडान एवं मर्मत संभार लगायतका कार्यहरु गर्नुपर्ने हुन्छ । कतिपय अवस्थामा त्यस्ता वस्तुहरु भाडामा समेत लिनेदिने कार्य हुने गर्दछ । तसर्थ दूरसञ्चार सेवा बाहेक अन्य वस्तु विक्री, वहाल जडान, मर्मत, स्थानान्तरण सामान्य सेवा भएकोले त्यस्तो कार्य वापत प्राप्त रकम दूरसञ्चार सेवाको आय नभएकोले उक्त आयमा रोयल्टी वा कोषको रकम माग गरिएको नेपालको संविधानको धारा १७(२)(च), १८(१), २५ समेतको प्रतिकूल छ ।

ठ) यसरी माथीका प्रकरणहरुमा लेखिए बमोजिम दुरसञ्चार ऐन,२०५३ को दफा ३२(२) बमोजिम निवेदक कम्पनीले आफ्नो वित्तिय विवरण अनुसार कवुल गरेको रकम विपक्षीहरुले जारी गरेको नियमावली एवं विनियमावली बमोजिमको समय र तरीका अनुरुप आ.व. २०७९।८० सम्म बुझाईसकेकोमा विपक्षी प्राधिकरणले के कुन प्रकृतिको आयमा रोयल्टी र RTDF शुल्क लगाई के कुन आधारले सो शुल्कहरु नपुग भएको हो सो को आधार समेत नखोली केवल हचुवाको भरमा मिति २०८०।११।०४ मा यती रकम नपुग भयो भनी गरेको पत्राचार प्रथम दृष्टीमै apparent error of law(गैरकानूनी) भई अन्यायपुर्ण भएकाले मिति २०८०।११।०४ को विपक्षी नेपाल दुरसञ्चार प्राधिकरणको पत्र, सो सम्बन्धमा भए गरेका निर्णय टिप्पणि, आदेश समेत उत्प्रेषणको आदेशले बदर गरी न्याय इन्साफ पाउँ ।

४) प्रत्यर्थि प्राधिकरणवाट निवेदक कम्पनीको इन्टरनेट सम्वन्धी इजाजतपत्र नविकरण सम्बन्धमा निवेदकको माग बमोजिम आदेश जारी हुनुपर्ने व्यहोरा निम्नानुसार प्रष्टयाँउदछु ।